
# कान्छो पुस्ता



# रेडियो नेपालः गोलार्धका दुई छेउमा

रघु मैनाली

धेरै कालपछि मैले फेरि एकपटक रेडियो नेपाल सुनेँ । उही पुरानै स्वर र ढर्रामा केही खस्रा शब्दहरू बोल्यो– “जनचेतनाको कमीले गर्दा देशको विकास हुन सकेन ।” म ज्यादै मर्माहत भएँ । जनतालाई उसले फेरि पनि एकमुष्ट रूपमा मुर्दातुल्य घोषणा गऱ्यो ।

मैले थाहा पाएदेखि नै रेडियो नेपालबाट अटुट रूपमा यिनै र यस्तै कुराहरू सुन्दै आएको छु । राजनीतिक हिसाबले म त्यस्तो कालखण्डमा जन्मिएँ, हुर्किएँ जुनबेला जनतालाई सूचना, सञ्चार, सन्देश र ज्ञानको कुनै अख्तियारी थिएन । म निर्दलीय पञ्चायतभन्दा छसात वर्ष कान्छो छु । जन्मदै पञ्च हुनु मेरो नियति थियो । जनताबीच संवाद र सङ्गठनको त्यहाँ कुनै स्थान थिएन । बाठो हुनु, आफ्नो अधिकार र हैसियत खोज्नु दण्डनीय कार्य थिए । मेरो स्मृतिमा रहेको त्यो बेलाको नेपाल अति धेरै स्याहार चाकर गरिएको सुन्दर चिहानघारी जस्तो थियो, चकमन्न, शान्त र स्थिर ।

पूर्वी पहाडी जिल्ला तेह्रथुम, आठराईको ईवा भेग मेरो बाल संसार थियो । यो भेग राणाकालमै सङ्घर्ष गरेर विद्यालय खोल्ने शिक्षाप्रेमी अग्रजहरूको ठाउँ थियो । तर यातायात र सञ्चारका हिसाबले भने निःसन्देह कुमारी थियो यो भेग । यहाँ राष्ट्रिय अन्तर्राष्ट्रिय सूचना तथा सञ्चारका लागि एक महिनापछि आक्कलभुक्कल आइपुग्ने *गोरखापत्र* दैनिक र बोलेको मिलिसेकेण्डमा पुग्ने रेडियोको तरङ्ग यी दुईओटा माध्यम थिए । मेरालागि तत्काल सूचना प्राप्त गर्ने निर्विकल्प माध्यम रेडियो थियो । तर म हुर्किएको सिम्ले गाउँभरमा २०२९/३० सालताका जम्माजम्मी त्यस्तै चारपाँचओटा रेडियो सेटहरू थिए होलान् ।

मेरो कोरा दिमाग र चञ्चल मनका लागि सूचनाको दुनियासँग कुनै मतलव थिएन । धन्य हुन् मेरा डीबी सर (डिकबहादुर चौहान), जसले मलाई बाह्रखरी मात्र सिकाएनन्, हातमा बोकेर हिँड्न सकिने सानो चारपाटे भाँडोबाट मान्छे बोलेको आश्चर्य पनि सुन्ने र देख्ने मौका दिए । सायद मैले रेडियोको चर्चा पहिलो पटक विक्रम सम्वत् २०३० सालतिर सुनेको हुँदो हुँ । त्यस बेला खेतीपाती लगाउने मौसम थियो । गाउँमा गाइँगुइँ हल्ला सुनियो– “डीबी सरले खेतका डिलमा रेडियो राखेर आली लाउँदैछन् रे, आज रेडियो नेपालले एसएलसीको नतिजा सुनाउँछ रे, रेडियो नेपालले पास हुने विद्यार्थीको नम्बर भन्छ रे, त्यही सुन्न उनले रेडियो खेतमै ल्याएर राखेका रे ।” मेरी ठूल्दिदीले पनि एसएलसीको जाँच दिनुभएको थियो, पास भए मलाई लालगेडी मिठाई किनेर ल्याइदिन्छु भन्नु भा’थ्यो । रेडियोको महत्त्व मेरालागि यसरी नै सुरु भयो ।

म कहिले साल्डाँडे काँल्दाइका घरमा जाँदा रेडियो सुन्थेँ, कि चाहिँ डीबी सरले सिम्ले स्कूलको बार्दलीमा राखेर घरीघरी बजाउँदा । रेडियोले ‘अहिले दिनको ठीक यति बज्यो’ भन्थ्यो । ओहो, कस्तो समय पनि ठ्याक्क बताउन सक्ने, बाल मन अचम्भित हुन्थ्यो । मेरालागि समय थाहा पाउन घरै छेऊको स्कूलमा बज्ने घण्टी तथा ढोका भित्रबाहिर र डाँडा वारिपारि गर्ने घामको छायाँ यी दुईओटा मात्र माध्यम थिए । घामको छायाँले मलाई स्कूल जाने समय बताउँथ्यो । स्कूलको घण्टीले मलाई पिसाब गर्ने, खेल्ने र घर फर्कने समय बताउँथ्यो । यी दुवै मेरालागि दिउँसोका घडी थिए । “ल उज्यालो भयो उठेर पढ्न थाल” भनेर आमाले बिहानै उठाउँदा मलाई रेडियो भैदिएको भए त्यसले समय भन्थ्यो अनि उज्यालो भएकै छैन भनेर एकछिन सुत्न पाइन्थ्यो कि जस्तो आश लाग्थ्यो ।

मलाई आश्चर्य लाग्थ्यो, त्यो रेडियोलाई किन कहिल्यै भोक-तिर्खा लाग्दैन, ऐया-आत्थु पनि छैन, लोभ-लालच केही जान्दैन । रेडियो मेरालागि ईश्वरीय

श्रेष्ठता हासिल गरेको अद्भुत, चमत्कारी, सर्वज्ञ, सर्वशक्तिमान् र निष्कलङ्क रहस्य बन्यो । उसले बोलेका कुराहरूले मेरो हृदयमा अकाटच र अटल छाप पारेका थिए । रेडियो नेपाल जति भरपर्दो, पवित्र र विश्वासिलो चीज मेरानिम्ति अरू केही थिएन ।

मैले तीस सालपछि रेडियोबाटै 'अराष्ट्रिय तत्व' सुनें, 'देशद्रोही' सुनें, 'शान्ति क्षेत्र नेपाल' सुनें, 'नयाँ शिक्षा' सुनें, 'हावा, पानी, माटो सुहाउँदो' सुनें । यी शब्दहरू सुन्थें तर म बुझ्दिनथें । उसले 'विकासको मूल फुटाउने' पनि भन्थ्यो । म वर्षात्का बेला पाखाबारीमा जमिनमुनिबाट भुलभुल भुलभुल गरी फुट्ने पानीको मूल एकाएक सम्झन्थें । र, विकासको मूल पनि त्यस्तै केही होला रुखोपाखो ठाउँमा फुट्ने भन्ठान्थें ।

२०३६ सालमा रेडियो नेपालले राजाको दुहाइ दिँदै देशमा बहुदल वा निर्दलका लागि जनमत सङ्ग्रह गर्ने घोषणा गऱ्यो । २०३७ सालमा उसले अझ महत्त्वपूर्ण घटनाहरू सुनायो । भारतका तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको छोरा सञ्जय गान्धी हेलिकोप्टर दुर्घटनामा मरेको समाचार रेडियो नेपालले भनेको भनी मलाई स्कूलमा कसैले सुनायो । उसले भन्यो– "एउटा 'सालक' र सञ्जय गान्धी हेलिकोप्टरमा चढेका थिए रे । सालक (खोस्रने वर्गको एक जनावर) लाई हेलिकोप्टरमा राख्न हुँदैनथ्यो रे । उनले जबरजस्ती राखेर चढ्दा दुर्घटना भएछ ।" मैले यो खबर बेलुकी घरमा बुवालाई सुनाएँ । बुवाले 'सालक' होइन होला, 'चालक' भनेको थियो होला भनी सच्याउन खोज्नुभयो । मैले सालक नै थियो रे भनी दोहोऱ्याएँ । जवाफमा बुवा खिस्स हास्नुभो । मेरो ढिपीप्रति बुवाले अवज्ञा गरेको लख मैले काटें तर आफ्नो बुझाइलाई संशोधन गर्नु जरुरी ठानिनँ । किनभने त्यो खबर मलाई रेडियो सुन्ने मान्छे स्वयंले बताएको थियो ।

त्यसैसाल तमोर नदीमा भयानक बाढी आयो । अचानक आएको त्यो बाढीलाई बूढापाकाहरूले तमोरको शिर फुटेको भने । नभन्दै पछि थाहा भयो कञ्चनजङ्गा हिमशृङ्खलाको फुकान हिमताल फुटेको रहेछ । बाढीले कतिका खेत बगायो, कतिका गाईवस्तु, हाडाभाँडा बगायो, साध्य नै थिएन तर गाउँभरि ती लाखौं मूल्य बराबरका धनमालको क्षतिभन्दा बढी सन्सनी फैलायो अन्तरे सुब्बाको रेडियोले । तमोरको गडतिरमा माछा मार्न गएका अन्तरे सुब्बा बाढीबाट आफूचाहिँ मुस्किलले बाँचेछन् तर उनको रेडियो भने बाढीले बगाएछ । चर्चा नचलोस् पनि किन, गाउँलेका लागि अनिकालका बेलाको बीउजस्तो त्यो रेडियो खोलाले बगाएको थियो । तमोरमा बाढी आएको त्यस्तै एकडेढ दिनपछि अर्को खबर

सुनाए– "रेडियोले भनेको रे तमोर नदी किनाराको पाँच सय फिट (वा मिटर यस्तै के थियो) भित्रका बासिन्दाले तत्काल ठाउँ छोड्नू, नत्र खतरा छ।" यो पटक चाहिँ रेडियोप्रतिको क्षमतामा मेरो अन्तःस्करणले कताकता शङ्का गऱ्यो। उसले बाढी आएको एकडेढ दिनपछि मात्र मान्छे बचाउने आपतकालीन सन्देश दिएको थियो।

२०३७ सालको सुरुताका बहुदल र निर्दलले छपक्कै ढाकेको थियो। स्कूले किशोर म बहुदलको पक्षमा हुर्रे लगाउने लामामा निकै पटक सामेल भएको थिएँ। बहुदल र निर्दलको हारजितको चासो ममा पनि थियो। वैशाख महिनाको अन्तमा निर्दलले जितेको खबर रेडियो नेपालले प्रफुल्ल मुद्रामा सुनायो। म रेडियो नेपालप्रति क्षुब्ध भएँ, त्यति धेरै मानेको रेडियोले मेरो अपेक्षा विपरीतको खबर रमाईरमाई भनेकोमा। २०३७ सालकै मध्यतिर हाम्रो घरमा आफ्नै रेडियो आइसकेको थियो। अब म रेडियो घरमै सुन्न थालेँ। त्यसपछि रेडियो नेपालसँग मेरो मोह क्रमशः भङ्ग हुँदै गयो। घरमै रेडियो भएपछि हरेक दिन सुन्दै जाँदा उसका भेदहरू खुल्दै गए। रेडियो नेपालले बिहान नौ बजेतिर बर्खाको मौसममा झाडापखालाको सन्देश दिन्थ्यो, जसमा दिसा, झिँगा भन्केको खाना आदि कुरा थिए। नौ बजेको सेरोफेरो मेरालागि खाना खाने समय थियो। त्यसैले आमाले खाना खान बोलाएपछि म सबभन्दा पहिला रेडियो बन्द गर्थें, खाँदाखाँदै त्यही सन्देश सुनियो भने बान्ता आउला भनेर। रेडियोले 'आज पानी पर्छ' भनेको दिन म छाता नबोकी हिँड्न अभ्यस्त भएँ। किनभने उसले मलाई पानी पर्छ भनी धेरै पटक झुक्याएको थियो।

रेडियो नेपाल सुन्दै जाँदा पटकपटक अचानक अरू आवाजहरूसँग जुध्ने गर्थ्यो। ती आवाज छिमेकी देश भारतको खर्साङ प्रसारणका हुन्थे। हामीलाई रेडियोले रमाइलो ठट्टा विम्व पनि दिएको थियो। साथीभाइबीच कुराकानी हुँदा दुईतीन जना एकैपटक बोल्न थाले भने हामी 'खर्साङ जुध्यो यार' भन्ने गर्थ्यौं।

२०४१ सालतिर म उच्चशिक्षाका लागि झापा झरेँ। रेडियो नेपाल त्यतिखेर हरेक दिनजसो सुधारिएको पञ्चायती व्यवस्था फलाक्थ्यो। पछि एसियाली मापदण्डको विकास बाँड्न थाल्यो। झापा झरेपछि मसँग सञ्चारका अरू विकल्पहरू भए, साप्ताहिक पत्रपत्रिका। ती पत्रपत्रिकामा म आफू अनुकूलको समाचार पाउन थालेँ। त्यसैले रेडियो नेपाल सुन्न मैले चटक्क छोडिदिएँ। अध्ययनकै सिलसिलामा २०४४ सालमा काठमाडौं आएँ। सङ्गत क्रमशः पत्रकारितातर्फ बढ्न थाल्यो। मैले *दैनिक समाज*मा नेपाली पत्रकारिताकै अनुकरणीय र श्रद्धेय व्यक्तित्व मणिराज उपाध्यायको सानिध्य पाएँ। बेलाबेला

*दैनिक समाज*मा लेख्ने गर्थें म । बिस्तारै रिपोर्टिङ गर्ने जिम्मेवारी पाएपछि फेरि मैले रेडियो नेपाल सुन्नु पर्ने भयो । यसपटक म रेडियो श्रोताका रूपमा होइन, पेशाका रूपमा 'समाचार मनिटर' गर्न सुन्न थालेको थिएँ ।

दिनहरू बित्दै गए । २०४६ साल आयो । म बाँच्नका लागि फेरि रेडियो नेपालको श्रोता बन्नुपर्ने भयो । र, मेरालागि रेडियो नेपालले बोलेको कुरा बाल्यकालमा झैँ शतप्रतिशत पत्याउने चीज फेरि फेला पऱ्यो । त्यो थियो– मृत व्यवस्थालाई कृत्रिम श्वासप्रश्वास गराएर जीवितै देखाउने कर्फ्यू घोषणा । यस बेला रेडियो नेपाल हौसीहौसी जनतालाई 'मुठ्ठीभर तत्व', 'अराष्ट्रिय तत्व', 'देशद्रोही', 'भेडाका छाला ओढेका ब्वाँसाहरू' आदि इत्यादि नानाभाँति भन्थ्यो । तीस सालतिर मैले नबुझेका कुराहरू यसपटक भने बुझेँ । सत्ता राजनीतिले पुलपुल्याएर राखेका केही शब्दहरू हुँदा रहेछन् । जुनसुकै सरकार वा शासक आए पनि ती शब्दहरू उत्तिकै काम लाग्दा रहेछन् । यो शासकीय प्रलाप आफ्नो मृत्युको निश्चिततताप्रतिको शताब्दियौँ पुरानो प्रतिक्रिया रहेछ । शासकहरूले व्यवस्थालाई मातृभूमिकै जुम्ल्याहा बहिनी ठान्दा रहेछन् । त्यसैले व्यवस्थाको विरोध गर्नु वा असहमति जनाउनु भनेको देशद्रोही र अराष्ट्रिय तत्व हुनु हुँदोरहेछ । शासकका नजरमा जनता भनेका देशका झड्केला सन्तान मात्र हुँदा रहेछन् ।

पेशागत रूपमा काम गर्दै जाँदा पहिलोपटक २०४८ सालमा अछामको महामारीसम्बन्धी मेरो रिपोर्ट रेडियो नेपालको *वातावरण कार्यक्रम*मा प्रसारण भयो । २०४९ सालमा दाइ पुरुषोत्तम दाहालले मलाई *घटना र विचार*मा सहभागी हुन बोलाउनु भएको थियो तर म पत्रिकामा व्यस्त हुनु परेकाले रेडियो नेपालमा काम गर्ने अवसर गुमाएँ । यद्यपि उहाँले यस अवधिमा पूर्वी तराइको खाद्यान्न सङ्कट, हुम्लाको जनजीवन तथा भुटानी शरणार्थीबारे *घटना र विचार*का लागि स्थलगत रिपोर्ट तयार गर्न मलाई भन्नुभयो र मैले यो काम गरेँ । यसरी श्रोता, अवज्ञाकारी, फेरि श्रोता हुँदै रेडियो नेपालमा मेरो सहभागिता पटके प्रसारकको हैसियतमा भयो । २०४९ सालतिरै निजी क्षेत्रबाट ठूलो आकारमा पहिलो दैनिक पत्रिका *कान्तिपुर* निकाल्ने तयारी श्याम गोयन्काले गर्दै थिए । म त्यसको तयारीमा अरू साथीहरूसँग जुटेँ । पत्रिका निस्कियो । व्यवस्थापन फेरियो । एउटा रिपोर्ट *स्पटलाईट* साप्ताहिकमा साभार गरेको विषयलाई लिएर म र *कान्तिपुर* व्यवस्थापनबीच गम्भीर मतभेद भयो । उसले मलाई अवकाश दियो । म अदालत गएँ ।

२०५० सालतिर युनेस्कोको आयोजनामा रेडियो कार्यक्रम उत्पादनसम्बन्धी दुईहप्ते तालिम लिने मौका मैले पाएँ । २०५१ सालमा सरकार परिवर्तनसँगै फेरि *घटना र विचार*को टोली परिवर्तन भयो । यस पटक कुन्दन अर्यालले मलाई *घटना र विचार* कार्यक्रममा सहभागी हुन भन्नुभयो । मेरो हैसियत प्रसारकको रूपमा बदलियो । यसैबीच अदालतले *कान्तिपुर*सँगको मुद्दामा मलाई जितायो । रेडियो नेपालका लागि पहिलोपटक म स्वयं समाचारको विषय बनेँ ।

२०४९ सालदेखि नै नेपाल वातावरण पत्रकार समूहबाट हामी एफएम प्रविधि प्रयोग गरी स्थानीय रेडियो सञ्चालन गर्ने अथक प्रयत्नमा लागेका थियौँ । रेडियो नेपालले हामीलाई प्रधान वर्गशत्रुका रूपमा परिभाषित गरेछ क्यार, सञ्चार मन्त्रालयमा दैनिक हाम्रो विरुद्धमा खेती सुरु गऱ्यो । हाम्रो विरोध गर्न तथा नयाँ सम्भावनाको अन्त गर्ने रणनीतिअन्तर्गत (कुनै महत्त्वपूर्ण काम गर्ने लक्ष्य लिएर होइन) रेडियो नेपाल आफैले एफएम सुरु गऱ्यो, समय निजी क्षेत्रलाई बेच्यो र व्याख्या गऱ्यो– "प्रसारणमा निजी क्षेत्रको सहभागिता भनेकै यही हो ।" त्यस सन्दर्भलाई हेर्दा रेडियो नेपाल सञ्चार मन्त्रालयको मातहतमा होइन, बरु सञ्चार मन्त्रालय चाहिँ रेडियो नेपालको मातहतमा हो कि झैँ लाग्थ्यो । रेडियो नेपालको निहित अभीष्टलाई सञ्चार मन्त्रालय लागू गर्न तल्लीन रह्यो ।

हामीले रेडियो स्थापनाको धेरै प्रक्रिया पूरा गरिसकेका थियौँ । युनेस्कोले कुटनीतिक पार्सलबाट पठाएका रेडियो उपकरणहरू एक प्रतिशत भन्सार छुटमा हामीले नेपाल भित्र्याएका थियौँ । २०५२ सालको चैत १८ गते हामीले कालधाराबाट इजाजतबिना नै एफएम १०२ मेगाहर्जबाट रेडियो तरङ्ग फाल्यौँ । यस कार्यका लागि बेलायतको कम्पनीबाट इन्जिनियर मार्टिन एलार्ट आएका थिए । म, उपेन्द्र अर्याल, रोशन बिष्ट, यादव ठाकुर र मार्टिन एलार्ट मिलेर तीन दिन उपकरण परीक्षण गऱ्यौँ । इजाजत नभएकाले सरकार झुक्कियोस् भनेर हामीले त्यस बेला भ्वाइस अफ अमेरिकाबाट पहिले नै प्रसारित कार्यक्रमका टेपहरू बजाएका थियौँ । त्यस बेला यो फ्रिक्वेन्सी नेपाल प्रहरीले चलाएको रहेछ । किन फ्रिक्वेन्सी जुधाएको भनी धम्क्याउन प्रहरी रेडियो नेपाल पुगेछ । जुधाएको छैन भनी रेडियो नेपालले पुष्टि गरेपछि उनीहरू फेरि रनभुल्लमा परेछन् । यो खबर मैले थाहा पाएँ । हामीले चोरी-रेडियो सुरु गरेका थिएनौँ । यो त तीन वर्षदेखि लगातार प्रयत्न गर्दा पनि सरकारले कानूनबमोजिम अनुमति नदिएकोमा हामीले वैधानिक विद्रोह गरेका थियौँ । रेडियो नेपाल, सञ्चार मन्त्रालय र नेपाल प्रहरीमा तीन दिनसम्मको लगातार सन्सनीपछि चौथो दिन तीन बजेतिर मैले

रेडियो नेपालका सर्वदा कायम मुकायम कार्यकारी निर्देशक शैलेन्द्रराज शर्मालाई फोन गरेँ र भने– "हामीले प्रविधि सफलतापूर्वक परीक्षण गऱ्यौँ ।" शैलेन्द्रराज शर्मा फोनमै नराम्ररी अत्तालिए । त्यसको एक घण्टाबीचमा नेपाल वातावरण पत्रकार समूहको कार्यालयमा सञ्चार मन्त्रालयको लिखित धम्कीपत्र र अनुमति लिन विगत तीन वर्षसम्म गरेको प्रयत्नपछि पहिलो पटक सञ्चार सचिव भोजराज पोखेलको बडो जण्ड प्रतिक्रिया आयो । उनले फोन गरेर नेपाल वातावरण पत्रकार समूहका तत्कालीन अध्यक्ष आदित्यमान श्रेष्ठलाई देहाती खलिफाले झैँ धम्क्याए– "म तिमीहरूका सबै सामान बाग्मतीमा बगाइदिन्छु, के ठान्या छौ तिमीहरूले ?" तीन वर्षसम्म हामीले प्रयत्न गर्दा कुनै परवाह नगर्ने र वर्षौंसम्म जनताप्रतिको दायित्व पूरा नगर्ने पङ्गु, अल्छी र नालायक प्रशासनयन्त्र भनेर ममा जमेको विश्वास चकनाचूर भयो । उसले आफ्नो अधिकार प्रयोग गर्न चाहिँ एक घण्टाभित्रमा धेरै काम सम्पन्न गऱ्यो । यस बेला मलाई लाग्यो, नेपाली प्रशासन कर्मचारीतन्त्रले होइन, जमीनदारीतन्त्रले चलाएको रहेछ ।

सञ्चार मन्त्रालयको टिप्पणी मैदानमा रेडियो नेपाल र हामीबीच चार वर्ष लामो चलखेल शृङ्खला चल्यो । अन्तमा हामीले २०५४ जेठ ५ गते बेलुकी पाँच बजे खेल जित्यौँ । रेडियो सगरमाथा प्रसारण इजाजत सिल्ड हाम्रो हात पऱ्यो । समूहका तत्कालीन अध्यक्ष मुरारि सिवाकोटीले इजाजत सिल्ड थाप्नुभयो । रेडियो नेपाल हारेको मनस्थितिमा दुलो पस्यो ।

सरकारी सञ्चारमाध्यमको अति नोकरशाहीकरण तथा निजी क्षेत्रका सञ्चारमाध्यमको अतिव्यापारीकरणले सामाजिक सञ्चारका लागि पारेको भयानक खाडल पुर्न हामीले अब रेडियो सगरमाथाको प्रसारण सुरु गर्न थाल्यौँ । २०५४ जेठ ९ गते फेरि आफै हर्ताकर्ता भएर सरकारी इजाजतसहितको तरङ्ग फाल्दा म श्रोता, अवज्ञाकारी, पेशेवर, फेरि श्रोता, पटके प्रसारक अनि प्रसारकको शृङ्खला पूरा गरी अब चाहिँ पूर्ण प्रसारक भएँ जस्तो लाग्यो । रेडियोलाई परलौकिक दैवीआत्मा ठान्ने म अब रेडियो जन्माउँदै हिँड्ने कर्ममा सामेल भएँ । यो अवसर मेरालागि नेपाल वातावरण पत्रकार समूहले जुटाइदियो । रेडियो सगरमाथाको तीन वर्षसम्म नेतृत्वदायी भूमिका पूरा गरेपछि काठमाडौँबाहिर रेडियो बिस्तार गर्नुपर्ने आवश्यकताको आह्वानलाई हामीले नसुन्ने कुरै थिएन । काम अगाडि बढ्दै गयो । रूपन्देहीमा काठमाडौँबाहिर सरकारभन्दा अलग्गै रहेर पहिलोपटक रेडियो स्थापना भयो– रेडियो लुम्बिनी । त्यसपछि रेडियो मदनपोखरा, हिमचुली एफएम, रेडियो स्वर्गद्वारी हुँदै अहिले जुम्ला, बझाङ, कैलाली, सोलु जस्ता राज्यले दायित्व बिर्सिएका ठाउँमा रेडियो स्थापना गर्ने कार्यमा म सक्रिय रूपले

सहभागी भएको छु । यसरी रेडियोको बिस्तारमा सरीक हुन पाउँदा म बेलाबेला आफैँ दङ्ग पर्ने गर्छु ।

सामुदायिक रेडियो स्थापनाको अभियानमा यसरी चाहेर, खोजेर र जानेर सक्रिय रहँदा म रेडियोका बारेमा व्याख्या विश्लेषण गर्न थालेँ । आफू पूर्ण रूपले रेडियो प्रसारक तथा प्रवर्द्धक भएपछि रेडियो नेपाललाई मैले अझ अलग ढङ्गले बुझ्न थालेँ । सुनेको, देखेको र भोगेको रेडियो नेपालसम्बन्धी जीवन कथा यसअघि नै मैले बेलीबिस्तार लाइसकेँ । अब एकछिन मैले बुझेको र विचारविमर्श गरेको रेडियो नेपालको विगत, वर्तमान र भविष्यबारे भलाकुसारी गर्छु ।

रेडियो नेपाल अहिले चौवन्न वर्षको भयो । तथ्याङ्कशास्त्रीहरूले मेरा लागि छुट्ट्याइदिएको आयु यसैको हाराहारीमा छ । यस हिसाबले हेर्दा मेरालागि चौवन्न वर्ष भनेको सिङ्गो एक जुनी हो । प्रसारणको इतिहासमा रेडियो नेपालका लागि यो अवधि छोटै मानिए पनि प्रसारणको अवस्थामा आधारभूत विकास गर्न भने पक्कै पनि पर्याप्त समय हो । यो अवधिमा विश्वव्यापी हिसाबले प्रसारण माध्यमको भूमिकामा ऐतिहासिक परिवर्तन आइसकेको छ । अहिले म बाँचेको समयलाई वैज्ञानिक, विकासे तथा शासकहरूले सूचना क्रान्तिको युग भनी घोषणा गरेका छन् । असल शासन, पारदर्शितादेखि सामाजिक, आर्थिक तथा मानवीय विकासका क्षेत्रमा समेत प्रसारण तथा विद्युतीय सञ्चारका माध्यमहरूले अकल्पनीय नजीरहरू स्थापना गरेका रहेछन् । तर रेडियो नेपालका लागि २००७ सालदेखि २०६१ सालसम्मका चौवन्न वर्ष कुनै सकारात्मक नजीरबिना नै बितेछन् ।

नेपाली प्रसारणको जेठो इतिहास बोकेको रेडियो नेपालसँग मेरो चिनजान राष्ट्रिय प्रसारण संस्थाको रूपमा भयो । मैले रेडियो नेपालको कुल, खानदान र परम्परा खोज्दै गएँ । रेडियो नेपालले सुरुका झण्डै ३३ वर्ष सरकारी विभागको रूपमा र त्यसपछिका वर्षहरू विकास समितिका रूपमा बिताइरहेको रहेछ । राज्य नियन्त्रित प्रसारण संस्था रेडियो नेपाल स्वामित्व, नियन्त्रण, म्याण्डेट, लगानीको स्वरूप तथा कार्यक्रमका विषयवस्तु र श्रोतासँगको सम्बन्धका आधारमा सार्वजनिक, निजी तथा सामुदायिक प्रसारण संस्थाभन्दा निकै भिन्न पाउँछु म । यसले समाचारका विषय शासक तथा कुलीनका बकवासपूर्ण गतिविधिहरूलाई मात्र ठानेको छ । झण्डै २२ वर्ष रेडियो नेपालमा संलग्न ख्यातिप्राप्त रेडियोकर्मी दाहाल यज्ञनिधिको शब्द सापट लिएर भन्दा रेडियो नेपाल कुलिन आराधनामा सधैँ व्यस्त छ । तसर्थ रेडियो नेपालले विकास भनेको शासकहरू जनताकहाँ आक्कलझुक्कल जाँदा लैजाने कोसेलीका रूपमा व्याख्या विश्लेषण गरिरह्यो । विकास भनेको शासकको निगाह हो, त्यसको प्रतिफल जनताले पाउनुपर्छ नै

भन्ने छैन भनी सन्देश दिइरह्यो । रेडियो नेपालले हुम्ला जुम्लावासीहरूलाई आफ्नै घर आँगनमा बसेर आफूलाई दुर्गमवासी हुँ भनी आत्मसात गराएको भेट्टाउँछु म । तर वास्तवमा त्यहाँका बासिन्दाका लागि आफ्नो घर आँगन कहिल्यै दुर्गम थिएन, त्यो त शासकहरूका लागि दुर्गम थियो । हुम्ला जुम्लावासीका लागि चाहिँ शासकवस्ती सिंहदरबार पो दुर्गम थियो ।

रेडियो नेपालको मूल चरित्र पुरुषद्वारा पुरुषका लागि, खस भाषामा खसद्वारा खसका लागि र शासक तथा कुलीनका गतिविधि निर्धाभोका नाङ्गालाई रहेछ । यिनै चरित्रअनुसार रेडियो नेपालले महिला अस्मितालाई धुस्नो काढेछ । उसले 'गाउँका केटी सबैलाई', 'कान्छीलाई घुमाउने काठमाडौँ सहर', 'साँइली र माइली पोइल गएछन्' जस्ता गीतहरू बारम्बार घन्काइरह्यो । रेडियो नाटकहरूबाट डल्ली मगरनी, आइमाई जस्तो कचकचे, बोक्सी, वेश्या आदिका रूपमा महिलालाई चित्रण गर्दैरह्यो । अनि अधिकांश नाटकहरूमा लोग्नेले स्वास्नी कुट्नुलाई बहादुरी र महिला माथिको बलात्कारलाई यौन आनन्दका रूपमा चित्रण गर्दैरह्यो ।

यसैगरी जातीय अस्तित्व र गरिमालाई रेडियो नेपालले सधैँ चकनाचुर पारी नै रह्यो । खस मुलका नेपालीबाहेक अरूलाई मान्छे नै गनेन । त्यसकारण उसले 'वनमा घुम्ने कुसुण्डालाई हजुर भन्नु पऱ्यो', 'अर्ती भन्या घर्तीको पनि लिनुपर्छ' आदि भन्यो । उसले चेपाङ, लिम्बू, गुरुङ, थारू, धिमाल, सतार, मगर लगायतका विभिन्न जातिको लय चोरेर नेपाली शब्द राखेका गीतलाई लोकगीत मान्न थाल्यो र ती सक्कली लोकगीतहरूलाई चाहिँ भाषाभाषीका गीत भनेर किनारामा थन्क्याइदियो । यी कुराहरू सामान्य अर्थमा पनि जातीय गुण्डागर्दी हुन्, डरलाग्दा जालसाँजी हुन् । फुर्किएको बच्चाभैँ रेडियो नेपालले हौसीहौसी तिनै कार्यहरू गरिरहेछ । यस्तो किन भइरहेछ भन्ने जिज्ञासाले बरोबर सताउँछ मलाई ।

बहुभाषिक, बहुजातीय तथा बहुधार्मिक समाज मिलेर बनेको नेपालमा राष्ट्रवादको परिभाषा आफैमा निकै जटिल हुन्छ । तर शासकहरूले यो जटिलतालाई बेवास्ता गरी जातीय अस्तित्वलाई मेटाएर राष्ट्रियता कायम गर्ने चेष्टा गरे । राष्ट्रवादको अर्थ जातीय सङ्कीर्णतामा सीमित भयो । नेपाली राष्ट्रियताको असली संस्थापक भारदारीकरण गरिएको खस भाषा तथा दौरा सुरुवाललाई लिइएछ । जसले गर्दा सुरुका दिनमा रेडियो नेपाल कुनै एउटा कुल, परिवार वा शासनको आराधना तथा तिनकै भाषा, भेषभुषा र धर्म बखानमा संलग्न रहेछ भने बहुदलकालमा पनि त्यो कुल वा परिवारको स्थान पार्टीहरूले ग्रहण गरेछन् ।

जसको परिणामस्वरूप एक सयको हाराहारीमा रहेका जातजातिहरूले नेपाली हुनका लागि कठोर शर्त पालना गर्नु पर्ने भएछ । यी जातजातिका सामुन्ने आफ्नो जातीय स्वभाव, धर्म, परम्परा, भाषा तथा भेषभूषालाई त्याग्नु पर्ने स्थिति आएछ । नेपाली भाषीबाहेकका सबै जातजातिलाई देशभित्रै आन्तरिक शरणार्थी बनाएछ वा बन्दी शिविरतर्फ धकेलेछ । यी कार्यहरूको सहज परिणाम भनेको जातीय तिक्तता बढ्नु नै थियो, त्यसै हुँदै गयो । यसरी राष्ट्रियताको मौलिक तत्व सामाजिक सहिष्णुता दिन प्रतिदिन लोप हुँदै गइरहेछ । यसकार्यलाई फैलाउने प्रमुख काम रेडियो नेपालले गरेको पाउँदा मलाई खपिनसक्नुको खेद लागेको छ । निश्चित जातीय अनुभवलाई प्रतिबिम्वित गर्ने विचार वा गतिविधि प्रसारण गरेर राष्ट्रियता कायम गर्ने कोसिस सुरु भएछ ।

ठीक यस्तै सन्दर्भमा रेडियो नेपालले लिएको विरोधाभाषपूर्ण नीतिलाई यहाँ कोटयाउँ । रेडियो नेपाल झण्डै डेढ दशकदेखि भुटानी शरणार्थीको सन्दर्भमा बढो सकारात्मक र सहानुभूतिशील समाचार प्रवाह गरिरहेछ । नेपाली मूलका भुटानीहरूको नैसर्गिक अधिकार समेत जिग्मे सरकारले हनन् गरेको आवाज उठाइरहेछ । मित्रराष्ट्र भुटानले लिएको भाषिक तथा भेषभूषासम्बन्धी नीतिका कारण नै नेपाली मूलका भुटानीहरू शरणार्थी बन्न बाध्य भएका हुन् । जोङ्खा भाषा अनिवार्य रूपमा बोल्नुपर्ने तथा बख्खु लगाउनुपर्ने भुटानी नीतिले एकलाखभन्दा बढी नेपालीभाषी भुटानीहरू पूर्वी नेपालमा शरणार्थीको जीवन बिताउन बाध्य छन् । रेडियो नेपालले नेपाली मूलका भुटानी नागरिकमाथि अन्याय भएको कुरालाई बारम्बार प्रसारण गर्ने गरेको छ । तर आश्चर्य ! आफ्नो प्रसारण नीतिमा फेरबदल गर्न अझै आवश्यक ठानेको छैन ।

अन्तरसांस्कृतिक समाजमा सञ्चारका लागि प्रयोग गरिने भाषाले माध्यम भाषाको ऐतिहासिक जिम्मेवारी समेत पूरा गर्नु पर्छ भन्ने यथार्थलाई रेडियो नेपालले वास्तै गरेनछ । जसरी अङ्ग्रेजी अङ्ग्रेज मात्रको भाषा रहेन, त्यसैगरी अबको नेपालका लागि नेपाली खसको मात्र भाषा हुनु हुँदैन । माध्यम भाषाको रूपमा नेपाली भाषालाई स्वीकार गर्दा काठमाडौँका नेवारले बोल्ने 'गएर ल्याउँछ', 'खाएर ल्याउँछ' अनि पल्लो किराँतमा लिम्बू जातिले बोल्ने 'गई पठाउँछ', 'खाई पठाउँछ' पनि नेपाली लवज नै हो । १०० ओटाभन्दा बढी भाषा बोलिने जनतामाझ प्रसारित रेडियो नेपालले संस्कृतोन्मुख खस भाषा तथा उच्चारण पद्धतिलाई आत्मसात गरेछ । भाषाभित्र स्वभावैले हुने जातीय अभिव्यक्तिलाई त्याग्न सकेनछ । स्वर परीक्षणको जातीय पर्खाल लगाएर अन्य जातजातिको गर्व, अपनत्व, भोगाइ तथा अनुभूति राष्ट्रिय प्रसारणमा छिर्न दिएनछ । लिङ्ग, वर्ग

र जात विशेषको भाषिक बढप्पनलाई अँठ्याएर बसेको रेडियो नेपालले माध्यम भाषामा हुने आश्चर्यजनक भाषिक वैभवलाई कहिल्यै बुझ्न चाहेनछ ।

विश्लेषण गर्दै जाँदा रेडियो नेपाललाई मैले एउटा हास्यास्पद सत्यको रूपमा पाएँ । बृहत् नेपालको आम जातीत्वले निर्माण गर्ने राष्ट्रिय संस्कृतिलाई स्वीकार गर्न नसकेर जातजातिका गीतहरूलाई लोकगीतको मूल प्रवाहमा राख्न नसक्ने रेडियो नेपाल, राष्ट्रियताका नाममा व्रज भाषामा रहेका शास्त्रीय गायनहरू समेतलाई नेपाली शब्दमा ढाल्न लगाउने जब्बर रेडियो नेपाल र अहिले हिन्दी फिल्मका गीत समेत स्वच्छन्द रूपमा बजाउने निर्लज्ज रेडियो नेपाल । कुनै बेला थियो, रेडियो नेपालका लागि नेपाली भिन्नभिन्न जातजातिले गाउने गीतहरूलाई लोकगीतको कोटिमा राख्दा राष्ट्रियता सङ्कटमा पर्थ्यो, शास्त्रीय गायनलाई व्रज भाषामा गाउँदा विदेशी प्रभूत्व ठानिन्थ्यो तर अहिले रेडियो नेपाल हिन्दी फिल्मका गीतहरू बरोबर बजाइरहेछ । हिन्दी संस्कृति तथा रहनसहन बारम्बार फैलाएर पनि आफूलाई राष्ट्रवादी ठान्ने र जनता जति सबैलाई देशद्रोही देख्ने रेडियो नेपालको यो दृष्टिदोषको शल्यक्रिया कसले गरिदिने होला ?

खोज्दै जाँदा आश्चर्यलाग्दो सन्दर्भ के भेटिन्छ भने राष्ट्रिय सञ्चार नीतिका उद्देश्यहरू राष्ट्रिय सामाजिक, आर्थिक तथा मानवीय विकास नीतिका उद्देश्यसँग मेल नखाएको भेटिन्छ । अझ रेडियो नेपालको प्रसारणलाई आधार मानेर विश्लेषण गर्ने हो भने त राष्ट्रिय सञ्चार नीति र राष्ट्रिय विकास नीतिबीच वादी र प्रतिवादीको सम्बन्ध पो देख्छु म त । यहाँ एकदुईओटा सानातिना उदाहरण लिऊँ । श्री ५ को सरकार स्वास्थ्य मन्त्रालयले केही वर्षदेखि करोडौँ खर्च गरेर १८ वर्षभन्दा कम उमेरमा हुने विवाहलाई हतोत्साहित गर्न राष्ट्रिय अभियान सञ्चालन गरिरहेछ । तर श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतको सरकारी प्रसारण संस्था रेडियो नेपालले बजाउने गीतहरू भने 'सोह्र वर्षे जवानीमा', 'बैंस मीठो सोह्र र सत्रको' जस्ता सन्देशले भरिएका हुन्छन् । एक दशकदेखि देशमा व्याप्त राजनीतिक हिंसाबाट मुक्ति पाउनु पर्छ भन्ने निचोड शासकहरू स्वयंले निकालेका हुन् र यसलाई नै देशको पहिलो प्राथमिकता मान्न थालेको पनि धेरै भइसक्यो । तर रेडियो नेपाल सौन्दर्यप्रधान् कार्यक्रम चलाउनमा नै व्यस्त छ । शान्ति स्थापनाको पहल गर्ने एउटा पनि कार्यक्रम रेडियो नेपाल आफूले चलाएको भेटिँदैन ।

झट्ट सुन्दा साना जस्ता देखिए पनि यस्ता कुराले ठूलो महत्त्व राख्छन् । किनभने यस्ता गतिविधिहरूले अत्यावश्यक राष्ट्रिय अभियान र प्राथमिकताको मूल मर्ममाथि कायरपूर्ण आक्रमण गर्छन् र प्रसारणको औचित्य, सत्यता तथा

विश्वासनीयतामाथि धावा बोल्छन् । तर रेडियो नेपाल यस्तै अन्यौल र विरोधाभाषपूर्ण सन्देश जनतामा फैलाउन सदा उद्यत्त छ । र, यस्ता दुविधापूर्ण सन्देशहरू जनताको चेतनालाई भुत्ते बनाउन पर्याप्त पनि भएका छन् ।

यहाँनेर म दाहाल यज्ञनिधिका विचारोत्तेजक निचोडलाई स्मरण गर्न चाहन्छु । एकपटक कुराकानीका सिलसिलामा उहाँले मसँग भन्नुभएको थियो– “विद्युतीय सञ्चार जस्तो उद्भट, आधुनिक र नवआलोकको सञ्चारमाध्यमलाई जबसम्म यस्तै किचकन्नी सोचमा चलाउँछौँ तबसम्म रेडियो नेपालको कन्तबिजोग भइरहन्छ । अझ दर्दनाक अवस्था त के हो भने रेडियो नेपालले सुझबुझ, प्रयत्न, जनआरधना तथा तपस्याको सोचलाई पूर्ण रूपमा समाप्त पारिसकेको छ ।”

यसरी पहिला म रेडियो नेपाललाई पवित्र दैवी आत्मा ठान्थेँ तर अहिले बुताले भ्याएसम्म रेडियो नेपालको निन्दा गर्न सक्नुलाई म पवित्र कर्म ठान्न थालेको छु । बाल्यकालको त्यो रेडियो नेपाल र अहिलेको यो रेडियो नेपाल मेरा लागि सञ्चार गोलार्धका दुई विपरीत सत्य बनेका छन् ।